नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(बढुवा व्यवस्थापन शाखा)

पत्र संख्याः ब.व्य.-०७४/७५

चलानी नं. ४५

मितिः २०७४/०४/१८

**विषयः- कारवाहीको जानकारी गराउने सम्वन्धमा ।**

**श्री सवै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,**

निजामती सेवा ऐन, २०४९ को दफा २२ मा उल्लिखित निलम्बनमा रहेको, बढुवा रोक्का भएको वा तलब वृद्धि रोक्का रहेको निजामती कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार नहुने व्यवस्थाबारे विदितै छ । उपरोक्तानुसारको अवस्थामा रहेका कर्मचारीहरुको विवरण सामान्य प्राशासन मन्त्रालय, बढुवा समितिको सचिवालयमा प्राप्त नहुँदा त्यस्ता कर्मचारीहरु बढुवाको लागि सम्भाव्य उम्मेदवार कायम भई बढुवा सिफारिस समेत हुन सक्ने जोखिम रहेकाले तहाँ निकाय वा अन्तर्गत कार्यरत राजपत्रांङ्कित कर्मचारीहरु निलम्बन, बढुवा रोक्का वा तलब बृद्धि रोक्का भएमा सो को विवरण यथाशिघ्र यस मन्त्रालयमा रहेको बढुवा समितिको सचिवालयमा उपलब्ध गराउने गरी आवश्यक व्यवस्था मिलाउनु हुन मिति २०७४/४/१० को (सचिव स्तरको) निर्णयानुसार अनुरोध छ ।

..........................

(नमराज वाग्ले)

शाखा अधिकृत